## फाँटवारी पठाउने सम्बन्धी
## कर्मचारी सञ्चय कोषको अत्यन्त जरुरी सूचना

सञ्चय कोष कट्टी गर्ने कार्यालयहरूले आफ्ना कर्मचारीहरूको सञ्चय कोष कट्टी तथा सापटी कट्टीको फाँटवारी प्रत्येक महिना समाप्त भएको सात दिन भित्र र असार महिनाको फाँटवारी सोही महिनाको मसान्त सम्म पठाउन अनुरोध छ । कोष तथा कोषका शाखा कार्यालयहरूमा प्राप्त फाँटवारीहरू धमाधम सञ्चयकर्ताहरूको खातामा लेखाङ्कन गर्ने कार्य भइरहेकोले समयमा नै लेखाङ्कन कार्य सम्पन्न गरी **आ.व. २०७४/७५ को** व्यक्तिगत खाता तयार गर्नका लागि कोषमा पठाउन बाँकी सञ्चय कोष कट्टी तथा सापटी कट्टीको सम्पूर्ण फाँटवारीहरू यही **२०७५ आषाढ मसान्त भित्र** कोषको काठमाण्डौ ठमेल स्थित कार्यालय वा शाखा कार्यालयहरू (धनकुटा, विराटनगर, हेटौडा, सिँहदरवार, पोखरा, बुटवल, कोहलपुर, सुर्खेत र धनगढी) वा सेवा केन्द्र (पुल्चोक) मा प्राप्त हुने गरी पठाउनु हुन अनुरोध छ । साथै, सो समय पश्चात प्राप्त हुने फाँटवारीहरू चालु आ.व. २०७४/७५ को हिसाबमा समावेश नभई अर्को आ.व. २०७५/७६ मा मात्र समावेश हुन जाने व्यहोरा सम्बन्धित सम्पूर्ण सञ्चयकर्तालाई जानकारी गराइन्छ ।

**कर्मचारी सञ्चय कोष**
**सञ्चयकर्ता सेवा तथा सामाजिक सुरक्षा विभाग**
त्रिदेवी मार्ग, ठमेल, काठमाण्डौ ।
फोन नं. ०१-४२२३३२०
*Website : www.epfnepal.com.np*